नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०८/१० गते बुधवारबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**उपस्थिति:**

| क्र.स. | पद | नाम थर | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | श्री प्रदीपराज कणेल | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | समन्वय उप प्रमुख | श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति, सिरहा | |
| ३ | अध्यक्ष | श्री जागेश्वर यादव | बिष्णुपुर गा.पा. | |
| ४ | स.प्र.उ. | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण | |
| ५ | सेनानी | श्री दिपेन्द्र खड्का | शेरगण चोहर्वा | |
| ६ | नि. समन्वय अधिकारी | श्री सुजित कुमार यादव | जिल्ला समन्वय समिति | |
| ७ | प्र.ना. उ. | श्री शालीग्रा[illegible]शर्मा पौडेल | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ८ | उप. अन. नि. | श्री तुलसीराम प्रसाई | जि.रा.अनु.का., सिरहा | |
| ९ | जे० स्वा० अधिकृत सहा | श्री अदेश्वर प्र[illegible] | स्वास्थ्य कार्यालय सिरहा | |
| १० | प्र.व.अ. | हरि लाल यादव | डि. वन कार्यालय सिरहा | |
| ११ | प्र.स्व.मे.अ. | डा. सत्येन्द्र कुमार मंडल | जिल्ला अस्पताल सिरहा | |
| १२ | जे० का० प्रबन्धक | अमोल कुमार यादव | ने० टे० लि० सिरहा | |
| १३ | केन्द्रीय सदस्य | देव कुमार [illegible] | नेपाली [illegible] महासमिति | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |

DCCMC तथा DDMC सिरहाको संयुक्त बैठक
२०७७/८/१०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

## बैठकको कारवाही एवम् निर्णय

१. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु | म. | ज. | | | पु | म | ज | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ८५७६ | ११५ | ४२ | १६ | ५८ | १५१७ | ११७३९ | ११७३९ | १५९९ | ५८ | १५१७ | २३ | ३४०० |

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १५३३ मिति २०७७/०८/०७ को प्राप्त निर्देशनका बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र स्वीकृतिका आधारमा माननीय मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत कोभिड-१९ का सन्दर्भमा " **विद्यालय संचालन सम्वन्धि कार्यढाँचा २०७७** " को व्यहोरा बैठकमा अवगत भयो। सो बोध हुन सबै सबै (१७ वटै) स्थानीय तह समेतमा अनुरोध गर्ने।

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १४७२ मिति २०७७/०७/२७ को प्राप्त निर्देशन बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय च.नं. क्रमश: म. बै./३२१/१९४१ र म. बै./३२१/१९४३, मिति २०७७/०७/२४ गतेको पत्रहरु मार्फत कोभिड-१९ र अन्तराष्ट्रिय सीमाना सम्वन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को म. प. बै. सं. ४४/०७७ मिति २०७७/०७/२४ को बैठकको निर्णय कार्यन्वयन सम्वन्धि पत्रको बारेको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम बमोजिम गर्ने गराउने।

४. मिति २०७७/०७/१९ को बैठकबाट परिमार्जित शीतलहर पूर्व तयारी तथा प्रतिकार्य योजना,२०७७ को कार्यान्वयन स्थिती र सो को प्रगति विवरण पठाउन सबै स्थानीय तह (१७ वटै) मा अनुरोध गर्ने।

५. जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७/०७/२० मा जारी सूचनाको मिति २०७७/०८/१७ मा म्याद सकिनुका साथै हाल जाडो र शीत लहरका कारण कोभिड-१९ को संक्रमण जोखिम बढ्न सक्ने भएको हुँदा त्यसका लागि आवश्य सूचना/आदेश जिल्ला प्रशासन कार्यालयबाट जारी गर्ने।

६. गृह मन्त्रालय विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको च.नं. ६४ मिति २०७७/०७/१३ को प्राप्त पत्रबाट बुँदा नं. २ बमोजिमका रेडक्रस सिरहाबाट उपलव्ध विवरणका सम्वन्धमा विगतका अनुभवहरु र वितरण गरिएको कम्वलहरुलाई आधार मान्दा यस जिल्लामा तपसिलका स्थानीय तहमा देहाय अनुसारका परिवारहरु शीतलहरबाट प्रभावित हुन सक्ने सम्भावना भएकोले तत् सम्वन्धमा पूर्व तयारी गर्न सबै (१७ वटै) स्थानीय तहहरुलाई अनुरोध गर्ने।

**तपसिल**

| क्र.स. | न.पा/गा.पा. | प्रभावित हुन सक्ने परिवार संख्या | कैफियत |
|---|---|---|---|
| १ | लहान न.पा. | १३९० | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

| | | | |
|---|---|---|---|
| २ | सखुवानन्कारकट्टी गा.पा. | ३८५ | |
| ३ | भगवानपुर गा.पा. | ५२१ | |
| ४ | नवराजपुर गा.पा. | ४३४ | |
| ५ | बरियारपट्टी गा.पा. | ७१० | |
| ६ | लक्ष्मीपुरपतारी गा.पा. | ४८८ | |
| ७ | धनगढीमाई न.पा. | ६२६ | |
| ८ | सुखिपुर न.पा. | ६६६ | |
| ९ | गोलबजार न.पा. | ६८५ | |
| १० | औरही गा.पा. | ७०७ | |
| ११ | अर्नामा गा.पा. | ४७९ | |
| १२ | सिरहा न.पा. | २६३१ | |
| १३ | बिष्णुपुर गा.पा. | ३४७ | |
| १४ | नरहा गा.पा. | ३४८ | |
| १५ | मिर्चैया न.पा. | ६६६ | |
| १६ | कल्याणपुर न.पा. | ९०९ | |
| १७ | कर्जन्हा न.पा. | ६०६ | |
| **जम्मा परिवार संख्या** | | १२,५९८/- | |

**शीतलहर प्रभावितहरुको लागि वितरण गर्न मौजदात तथा उपलव्ध हुन सक्ने कम्वलको विवरण**

| क्र.स. | संघ संस्था/कार्यालय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | रेडक्रस सोसाईटी सिरहा | ५०० थान | आवश्यक्ता अनुसार थप हुन सक्ने |
| २ | आसमान नेपाल | २०० थान | |
| ३ | दलित जनकल्याण यूवा क्लव, लहान | ५०० थान | |
| **जम्मा मौजदात संख्या** | | १२००/- | |

७. माडर सीमा नाकाबाट नेपाल प्रबेश गर्ने नेपाली नागरिकलाई जिल्लाका विभिन्न क्वारेन्टिनमा पुर्याउन Madar Holding Point बाट प्रयोग गरिएको सवारी साधनमा दैनिक यात्रुको संख्या कम भएको र Holding Point बाट भाडामा सवारी साधन संचालन गर्न बजेट समेत अभाब भएकोले मिति २०७७/०८/११ बाट लागु हुने गरि हाल सम्झौता गरिएको सवारी साधनको सम्झौता रद्द गर्ने । साथै उक्त स्थानबाट आलोपालो प्रणालीका आधारमा सरकारी कार्यालयका गाडी प्रयोग गर्ने र प्रयोग भएका सरकारी गाडीको इन्धन बापतको खर्च कोरोना कोषबाट बहन गर्ने ।

८. सिरहा अस्पतालमा ICU संचालनका लागि मिति २०७७/०७/०३ मा गलोबल मेडिलिङ्कबाट खरिद गरिएका ICU उपकरण संचालन गर्न विधुत Voltage मा समस्या रहेको र सोही कारणले उपकरण विग्रन सक्ने खतरा भएकोले सो ICU उकरणलाई धान्न सक्ने किसिमको श्रोतले भ्याए सम्म Online UPS खरिद गर्ने ।

९. सामुदायिक विकास केन्द्र सप्तरी (फोन नं 9852820777) बाट जिल्ला प्रशासन कार्यालय सिरहा, इलाका प्रशासन कार्यालय लहान, होल्डीङ सेन्टर माडरमा हात धुन प्रयोग हुने ट्याङ्की र धारा प्राप्त भएको जानकारी भयो ।

१०.खोज उद्धारमा प्रयोग हुने सामाग्री खरिद गर्ने मिति २०७७/०५/१७ निर्णय नं ८ मा भएको निर्णयमा अपुग हुने तपसिल अनुसारका थप सामाग्री खरिद गर्न श्री शेर गण चोहर्वाको मिति २०७७/०८/०७ च.नं ७१४२/कार्य/१५/०७७/७८/३८ को पत्र बाट माग भइ आएकोले उल्लेखित सामाग्री खरिद गरी हस्तान्तरण गर्ने ।

- 12 Feet Aluminum Ladder — 1 Pic
- Portable Light Oxygen for Rescue — 2 Pic
- Breathing Apjparatuses Set — 1 Pic
- Safety Cones — 5 Pic
- Rescue Pulleys — 4 Pic
- Figure 8 Carabineer — 5pic
- Concrete Cutter — 1 pic
- Chain Saw — 1 pic

११. दैवि प्रकोपका विभिन्न घटनामा मिति २०७७/०४/०१ बाट २०७७/०७/३० सम्म वितरण गरिएको राहतको तपसिल अनुसारको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं | निर्णय मिति | प्रकोपको किसिम | स्थान | राहत रकम | पाउने ब्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७/०४/१८ | बाडी तथा डुबान | बलान खोला | १०००००/- | राम औतार ठाकुर | मृत्यु भएको |
| २ | २०७७/०४/०२ | आगलागी | लक्ष्मीपुरपतारी ६ | ३०००/- | जुगेश्वर यादव | |
| ३ | २०७७/०४/०१ | आगलागी | कल्याणपुर १ | ३०००/- | रामकुमारी साह | |
| ४ | २०७७/०४/०१ | आगलागी | लहान २२ | ३०००/- | विष मोहन यादव | |
| ५ | २०७७/०४/०७ | आगलागी | सिरहा १६ | ३०००/- | धनेश्वर | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २०७७/०४/०९ | बाडी तथा डुबान | धनगढीमाई ११ | ३०००/- | देवनाथ यादव | |
| ७ | २०७७/०४/०९ | बाडी तथा डुबान | बरियारपट्टी ४ | ३०००/- | रिताइ यादव | |
| ८ | २०७७/०४/१३ | आगलागी | अर्नमा ५ | ३०००/- | उमेसकुमार यादव | |
| ९ | २०७७/०४/१६ | आगलागी | कर्जन्हा ४ | ३०००/- | उमा तामाङ | |
| १० | २०७७/०४/२१ | बाडी तथा डुबान | धनगढीमाई १४ | ३०००/- | यत्न बहादुर राना | |
| ११ | २०७७/०४/२१ | बाडी तथा डुबान | गोलबजार ६ | ३०००/- | अरुण कुमार लामा | |
| १२ | २०७७/०५/०७ | बाडी तथा डुबान | सुखिपुर ८ | ५०००/- | बेचन चौधरी | |
| १३ | २०७७/०६/०४ | अग्नी पिडित | बरियारपट्टी ३ | ५०००/- | राम सुफल यादव | |
| १४ | २०७७/०६/११ | अग्नी पिडित | बरियारपट्टी ३ | १००००/- | विकाउ यादव | |
| १५ | २०७७/०६/१३ | बाडी तथा डुबान | कल्याणपुर १ | ५०००/- | राम जिवन मण्डल | |
| १६ | २०७७/०६/२२ | बाडी तथा डुबान | लहान २३ | ५०००/- | विना देवि साह | |
| | | जम्मा | | १६००००/- | | |

१२. कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा खटिएका सिरहा अस्पताल अन्तर्गतका आईसोलेसन वार्डमा खटिएका कर्मचारी, स्वास्थ्यकर्मीहरुको श्रावण मसान्त देखिको तलव भत्ता लगायतका सेवा सुविधा पाउन नसकेको हुँदा सो सुविधा उपलव्ध गराउन प्रदेश सरकार प्रदेश नं.२, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, समाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।

१३. सिरहा अस्पतालबाट कोभिड-१९ उपचारमा खटिएका स्वास्थ्यकर्मीहरुले उपचारको क्रममा होटल बास र खाना बापतको बिल भुक्तानी हुन प्रदेश सरकार प्रदेश नं.२, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, समाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।

१४. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न PCR जाँचको दर र दायरा बढाउन, आईसोलेसन व्यस्थापन गर्न स्वास्थ्य कार्यालय, सिरहा र लहान अस्पताल तथा सबै (१७) स्थानीय तहमा अनुरोध गर्ने।

१५. प्रहरी हिरासतमा रहेका थुनुवा तथा न्यायीक पूर्व पक्ष वा कैदमा जाने व्यक्तिहरुको निशुल्क PCR जाँच परीक्षण कार्य पायक पर्ने अस्पताल- सिरहा, लहान वा सवास्थ्य कार्यालय मार्फत गर्ने गराउने।

१६. कल्याणपुर न.पा.का तत्कालिन स्वास्थ्य शाखा प्रमुख श्री गौरी शंकर देव कोभिड-१९ संक्रमित भै उपचारको क्रममा नोवेल अस्पताल विराटनगरमा मृत्यु भएकोमा मृतकको आत्माको चिरशान्तिको कामना गर्दै शोक संतप्त परिवार प्रति समवेदना प्रकट गर्नुका साथै निजका परिवारलई सहयोग पु-याउने।

१७. **चालु आ.ब २०७७/०७८ को हाल सम्मको कोरोना कोषको विवरण**

क) प्रदेश सरकारबाट मिति २०७७/०५/०२ मा प्राप्त भएको रु.५०,००,०००/- बाट सिरहा अस्पतालको पि.सि.आर ल्याब स्थापना गर्ने भवन मर्मतका लागि ४,७६,५८०/- खर्च भइ रु ४५,२३,४२०/- बाँकी रहेको र बाँकी रहेको रकमबाट ICU उकरण खरिद गर्ने निर्णय भएअनुसार कर सहित रु २६,८९,४००/- को ICU उपकरण खरिद गरिएको तर भुक्तानी हुन बाँकी रहेको।

ख) पुरानो जिल्ला प्रशासन कार्यालयको भवनमा कारागारका बन्दीहरुलाई आइसोलेसन बनाइ राख्न मिति २०७७/०६/२९ गते प्रदेश सरकारबाट रु१५,००,०००/- प्राप्त भएको । पुरानो जिल्ला प्रशासन कार्यालयको भवन मर्मत सम्भारको अन्तिम चरणमा रहेको । साथै यस कार्याका लागि नपुग रकम माथि उल्लेखित बुदा नं १६ (क) को बचत बजेट बाट खर्च गर्ने ।

ग) गत आ.बको कोरोनाका लागि प्राप्त भएको रकमबाट चालु आ.ब मा आम्दानी सारिएको रु ११,१७,०१३/- बाट चालु आ.ब मा तपसिल अनुसारका कार्यमा खर्च भइ रु ४,६८,०७८/-रकम बाँकी रहेको ।

| क्र.स | मिति | खर्चको विवरण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | २०७७/०५/२२ | गाडीभाडा भुक्तानी | २,२५,०००/- | माडर होल्डिङ सेन्टरको मिति २०७७/०३/२४ बाट मिति २०७७/०५/१२ सम्म |
| २ | २०७७/०६/२९ | इन्धन भुक्तानी | २२,७५०/- | भाद्र महिनाको |
| ३ | २०७७/०६/२९ | गाडीभाडा भुक्तानी | १,८९,०००/- | असोज २७ सम्मको |

प्रमुख जिल्ला अधिकारी